मिति २०७५/१०/१८ गते बसेको नगर कार्यपालिका बैठकबाट गरेका निर्णयहरु :

१.यस नगरपालिकाबाट साझेदारीमा सञ्चालन हुने आयोजनाहरुका सम्बन्धमा देहाय बमोजिम हुने गरी आवश्यक व्यवस्था मिलाउने ।

(क)उपभोक्ता समितिसँग साझेदारीका योजना सञ्चालन गर्दा सडक ग्राभल बाहेकका संरचना निर्माणसँग सम्बन्धित आयोजनाहरुमा मात्र साझेदारीमा लगानी गर्ने ।

(ख)संस्थागत साझेदारीमा आयोजना सञ्चालनका लागि उपभोक्ता समिति गठन गर्दा आम उपभोक्ता भेला गरी उपभोक्ता समिति गठन गर्ने ।यस अघि भएका सम्झौताको हकमा सम्झौतामा उल्लेख भए अनुसार नै हुने ।

(ग)उपभोक्ता समितिसँग साझेदारी गर्दा आयोजनाको कुल लागतमा नगरपालिकाले ६० र उपभोक्ता समितिले ४० प्रतिशत व्यहोर्ने गरी र संस्थागत साझेदारी गर्दा नगरपालिकाले ४० र सम्बन्धित संस्थाले ६० प्रतिशत लागत साझेदारी गर्ने ।

(घ)साझेदारीका लागि साझेदार निकायबाट व्यहोर्नु पर्ने रकम नगदै कार्यालयको खातामा जम्मा गरे पछि मात्र आयोजना सम्झौता गर्ने ।

२. वडा नं. १ स्थित विरान गौमुखि मा झोलुंगे पुल निर्माणका लागि नेपाल सरकारबाट बजेट विनियोजन भएकामा सो आयोजनामा नगरपालिकाको तर्फबाट लागत साझेदारी गर्नुपर्ने ६ प्रतिशतले हुन आउने रकम नगरपालिकाबाट व्यहोर्ने गरी श्रोतको सुनिश्चितता गर्ने ।

३.चालु आर्थिक वर्षको स्वीकृत कार्यक्रम अन्तर्गतको बाहिरी रिङरोडको ट्रयाक खोल्ने कार्य नगरपालिका निर्माण उपकरण तथा साधनको प्रयोग गरी वडा नं ११ बाट सुरु गर्ने ।साथै,उक्त रिङरोडको राइट अफ वे ४० फिट र सेट व्याक ३० फिट कायम गर्नका लागि आगामी नगर सभामा प्रस्ताव पेश गर्ने ।

४.कवि श्री हरिकृष्ण संग्रौलाद्वारा लिखित कविता संग्रह रु १५,०००- (पन्ध्र हजार मात्र) बराबरको खरिद गर्ने ।

५.नदिजन्य सामाग्रीको उत्खनन सम्बन्धि विषयमा छलफल गर्नका लागि नगर कार्यपालिकाको अर्को बैठक मिति २०७५/१०/२० गते आइतबारका दिन विहान ८ बजे बस्ने ।

